आज मिति २०७४ पौष १ गते शनिवार दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**विषयहरु :-**

१. रकमान्तरबारे ।

२. पेश्की फछ्र्यौटबारे ।

३. न.पा. अन्तर्गतको निकायहरुमा आ.ले.प.बारे ।

४. लेखा परीक्षणको सूचना अनुमोदन बारे ।

५. विविध ।

**निर्णयहरु :-**

१. रकमान्तरणबारे छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क्र. सं. | शीर्षक | भौतिक पूर्वाधार स्वीकृत योजनाहरु | वडा नं. | विनियोजित बजेट | शीर्षक | वडा नं. | भौतिक पूर्वाधार रकमान्तरित योजनाहरु | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास योजना | च्याम्हासिहबाट भार्वाचोसम्म ढुंगा छपाई | १ / १० | ५०,००,०००।- | भौतिक पूर्वाधार विकास योजना | ९ | दत्तात्रय स्क्वायरमा ढुंगा छपाई कार्य | ९२,८०,६६१।- | विनियोजिता बजेट रु.५०,००,०००।- कार्यान्वियन गरी क्रमागत योजना |
| २ | | अरनिको सभा भवन | ६ | १,५०,००,०००।- | | ९ | भाने रोडदेखि गोंसपुलसम्मको बाटो पिच निर्माण कार्य | २८,८९,८५१।१२ | |
| बांकी १२११०१४८।९ | | | | | | | | | |
| ३ | | मचो भैरव मन्दिरको दक्षिणतर्फको पाटी पुनः निर्माण कार्य | ८ | १६००००० | | ८ | समाज सुधार अगाडिको नित्यनाथ पाटी पुनः निर्माण कार्य | २९१००४७६५ | विनियोजित बजेट रु.१६,००,०००।- कार्यान्वियन गरी क्रमागत योजना |
| ४ | | १ वडा मिनिबस पार्कमा बहु उद्देश्यीय भवन | १ | ९०,००,०००।- | | १ | वडा नं. १ मा वडा भवन निर्माण कार्य | १,१५,००,०००।- | साविक बजेट २५,००,०००।- र ९०,००,०००।- बजेट रकमान्तरण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | **कार्यान्वयन गरी क्रमागत योजना** |

## २. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

| सि. नं. | योजना | वडा नं. | ल.ई. | मुल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ६, भोलाछे चौबाटो चोक , याछे गणेश ,माहाकाली पीठ र कासन घाट सोलार सडक वति जडान गर्ने कार्य | ६ | ५२७,९२०।२५ | ५४३,८६२।४६ | ५०५,०८५।४४ | १७०,०००।०० | ३३५,०८५।४४ | |
| २ | वडा नं. ७ सिदि गणेश द्योछे चोर्चा, गोल्मढी गणेश मन्दिर ,याता चोक , हनुमानघाट देखि जगाति सम्म सोलार सडक वति जडान गर्ने कार्य | ७ | ८४४,६७३।२० | ८७०,४४७।३४ | ८०८,४०४।१७ | २७०,०००।०० | ५३८,४०४।१७ | |
| ३ | वडा नं. ८ माहेश्वरी घाट ,जेला चोक, जेला समाज सूधारमा सोलार सडक वति जडान गर्ने कार्य | ८ | ३१६,७५२।४५ | ३२६,१८०।५८ | ३०२,९८५।१७ | १००,०००।०० | २०२,९८५।१७ | |
| ४ | मुद्धिप सुधार कार्य | ५ | २,२९३,०११।२२ | १,३५९,४०९।२० | १,१३८,५७५।१५ | ७५०,०००।०० | ३८८,५७५।१५ | आशिक पेश्की फछ्र्यौट |
| ५ | बाराही उकालोको पर्खाल मर्मत कार्य | ३ | ७७,३८२।७६ | ५२,६९७।११ | ५१,१३०।०० | ३०,०००।०० | २१,१३०।०० | पेश्की फछ्र्यौट |
| ६ | बाइमल्ला गल्ली बाटोमा इटा छपाइ कार्य | ४ | ७४७,८४८।१६ | ३९६,८३६।९१ | २५६,३४९।०५ | २५०,०००।०० | ६,३४९।०५ | आशिक पेश्की फछ्र्यौट |
| ७ | मुलाछे पाटी पून निर्माण कार्य | ६ | १,४६४,१९९।७३ | ६६६,१९६।८३ | ६५६,५४३।६० | ५००,०००।०० | १५६,५४३।६० | आशिक पेश्की फछ्र्यौट |
| ८ | चौछे ब्यासी पाटी पून निर्माण कार्य | ६ | २,१४४,४५७।३३ | १,६५१,२५७।०४ | १,३६०,००७।८८ | ८००,०००।०० | ५६०,००७।८८ | आशिक पेश्की फछ्र्यौट |
| ९ | वडा नं. ७, वडा भबन तथा शिशुस्याहार केन्दमा टिके झयालहरूमा शिशा राख्ने कार्य | ७ | ३५,८१७।७० | ३५,८१७।७० | २०,५४७।०० | | २०,५४७।०० | मर्मत बजेट |
| १० | नपली (श्रृजनानगर)को बाटो ग्राभेलिङ कार्य | १ | १९१,९४६।५३ | २८४,९०५।०२ | १८९,८४०।०० | | १८९,८४०।०० | मर्मत बजेट |
| ११ | बाराही इहिजग्य ढुंगा छपाई कार्य | ३ | ८०४,२९४।६१ | ७३६,५९९।१५ | ६५४,०३९।०० | २५०,०००।०० | ४०४,०३९।०० | |
| १२ | ज्ञानकुञ्ज ढल ब्यबस्थापन कार्य | १ | २३०,४२३।५७ | ४२६,२६९।६८ | ३२५,९९८।१४ | १५०,०००।०० | ७५,२९८।१४ | आथिक सहयोग रू१००७०१।०० |
| १३ | भनपा भित्र कैचि गेट निर्माण कार्य | २ | | | | | ६५,९१०।०० | |
| १४ | भनपा भित्र फनिचर सामान प्लाइ निर्माण कार्य | २ | | | | | ६६,२२९।३० | |
| १५ | गोखा पिकाष्ट एण्द बिण्दोर पा लि | २ | | | | | ४४,३९९।६६ | |

३. यस न.पा. अन्तर्गत निकायहरुको अन्तिम लेखा परीक्षण न.पा.ले नियुक्त गरेको लेखा परीक्षकबाट गराउने निर्णय गरियो ।

४. यस न.पा. अन्तर्गतका निकायहरुको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण गराउन मिति २०७४।८।१३ गते गोरखा पत्र दैनिकमा प्रकाशित सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस कार्यालयको वडा नं. १० कार्यालय व्यवस्थापनको लागि गोविन्द राम थुसालाई रु.३,००,०००।- पेश्की लिई कार्य सम्पन्न पछि रु.३,९०,४०१।- खर्च फांटवारी पेश गरेकोले निजको रु.३,००,०००।- फछ्र्यौट गरी रु.९०,४०१।- भुक्तानी गएको खर्च अनुमोदन गरियो ।

ख. यस कार्यालयको लागि सडक बत्ती व्यवस्थापन गर्न आवश्यक सामान खरिद रु.२,६८,३४५।- भुक्तानी न्यू भि एस इन्टरप्राइजेजलाई दिने निर्णय गरियो ।

ग. यस कार्याल्यको लागि आवश्यक स्टेशनरी सामान खरिद भुक्तानी रु.४,३६,२४२।- न्यू भि एस इन्टरप्राइजेजलाई दिने निर्णय गरियो ।

घ. यस भक्तपुर नगरपालिकाबाट विभिन्न ठाउँमा २०७२ सालमा रंगरोगन गर्न आवश्यक रंग खरिद गरेको रु.९९,७२२।५६ भुक्तानी आर.एस. इन्टरप्राइजेजलाई दिने निर्णय गरियो ।

ङ. यस कार्यालयको लागि विभिन्न मितिमा खाना र खाजा व्यवस्था गरेको रु.२१,९२४।- भुक्तानी ख्वप छैं गेष्ट हाउसलाई दिने निर्णय गरियो ।

च. यस कार्यालयबाट पाठेघर जाँच कार्यक्रममा क्यान्सर अस्पतालको प्राविधिक सहयोगबाट गरेका परीक्षण दस्तुर प्रतिव्यक्ति रु.१५०।- का दरले ४११ जना बराबर रु.६१,६५०।- भुक्तानी सोही अस्पताललाई दिने निर्णय गरियो ।

छ. यस कार्यालयको गाडी नं. ६०४९ मा कम्पेसर एसी कुलर र पली जडान गरी मर्मत कार्य वापत रु.१,९७,७५०।- मेघा अटो इन्टरनेशनल प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस कर्यालयको वडा नं. ७ शिशु स्याकार केन्द्रमा रंगरोगन गरेको ज्याला र ४३,१००।- हरि बहादुर सुवाललाई दिने निर्णय गरियो ।

ञ. भ.न.पा.वडा नं. १ स्थित वडा नं. १ को वडा भवन निर्माण कार्यको लागि ल.ई. रु.२,३६,२६,७५५।९४ स्वीकृत भई कार्य क्रमागत रुपमा भक्तपुर नगरपालिकाद्वारा अमानतबाट गर्ने निर्णय गरियो ।

झ. ल.ई. सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | वडा नं | ल.ई रकम | रिभाइज ल.ई रकम | कैफियत |
|---|---|---|---|---|---|
| क | नगर स्तरिय योजनाहरू | | | | |
| १ | निर्माणनधिन नपा भवनको फलामको बार निर्माण कार्य | २ | ५९,११,५७८।- | ५६,६५,०४८।- | नपा बजेट |
| २ | बम्हायणी बसपार्कमा शौचालय निर्माण कार्य | ८ | ८,३९,२७५।४९ | | नपा बजेट |

ट. आ.व. २०७४/०७५ को लागि सडक बोर्ड नेपालबाट मिति २०७४।६।२५ गतेको प्राप्त अख्तियारी अनुसार यस स्थानीय सडक मर्मत संभार कार्य अन्तर्गत यस न.पा. क्षेत्रभित्रको स्थानीय सडकहरु मर्मत संभार कार्यको लागि ७० प्रतिशत (सत्तहरी लाख रुपैया) सडक बोर्ड नेपाल र न.पा.बाट ३० प्रतिशत व्यहोर्ने गरी सडक बोर्ड नेपालमा मिति २०७४।४।२९ गते सहमति पत्र पठाइसकेको र सडक बोर्ड नेपालबाट बजेट व्यहोर्ने हाललाई न.पा. बजेटबाट व्यहोर्ने सहमति पछि सडक बोर्ड नेपालबाट बजेट पूर्ति हुने गरी हाललाई योजना कार्यान्वयन गरी अगाडि बढाउने निर्णय गरियो ।

ठ. भ.न.पा.वडा नं. ९, च्याम्हासिंहस्थित ख्वप अस्पताल भवन निर्माण, वडा नं. ६ देकोचास्थित अरनिको सभाभवन, वडा नं. २ र ७ महेश्वरी तथा शहीद स्मृति खेल मैदानमा कभर्ड हलनिर्माण, वडा नं. १ भार्वाचो बहुउद्देश्यीय भवन निर्माण र वडा नं. ७ गयः भिद्यो पुल निर्माण कार्यको माटो परीक्षण कार्यक्रम अन्तर्गत २०७४।८।८ गतेको सिलबन्दी दरभाउ आह्वान खोलिएको मुचुल्का अनुसार सबै भन्दा कम Card Consultant Pvt.Ltd काठमाण्डौको भ्याटसहित प्रति निर्माण साइट रु.१,२९,४९८।- भएकोले सो कन्सल्ट्यान्टलाई पांच निर्माण साइट बराबर रु.६,४७,४९०।- बाट कार्य गराउने निर्णय गरियो ।